फोन नं ९,८५,७०४६०३६

पाल्हीनन्दन गाउँपालिका

**Palhinandan Rural Municipality**

# गाँउ कार्यपालिकाको कार्यालय

# Office of Municipal Executive

**कूश्मा, नवलपरासी (ब.सु.प.),लुम्बिनी, प्रदेश,**

**Kushma, Nawalparasi (Ba.Su.Pa.), Lumbini Province,**

पत्र संख्या (Letter No.) :२०८२।०८३

चलानी नं. (Ref. No.)

दोस्रो पटक प्रकाशित मिति :२०८२/०७/२५

**तीन पांग्रे सवारी साधन दर्ता (रुट ईजाजत) लिने सम्बन्धि सुचना !!!**

यस पाल्हीनन्दन गाउँपालिकामा स्वीकृत यातायात तथा सवारी साधन व्यवस्थापन सम्वन्धि कार्यविधि २०८२ अनुसार यस पालिका क्षेत्र तथा अन्तराष्ट्रिय सीमा नाका सम्म कार्यविधिको दफा-३ तथा जिल्ला प्रशासन कार्यालय नवलपरासी ,सरावल गाउँपालिका र पाल्हीनन्दन गाउँपालिकाको संयुक्त बैठकको मिति २०८२।०२।२२को निर्णय अनुसार सञ्चालित सम्पुर्ण ३ पांग्रे ई-रिक्सा टेम्पु तथा अटो रिक्सा, कार्यविधिको दफा ६ बमोजिम दर्ता गरि रुट ईजाजत लिएर मात्र सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ । तसर्थ उल्लेखित साना सवारी साधनहरु ई-रिक्सा ,टेम्पु तथा अटोरिक्सा) कार्यविधिको दफा ६बमोजिम देहायको कागजात सहित यस कार्यालयमा आजको मिति देखि ७ (सात) दिन भित्र दर्ता गरि रुट इजाजत लिएर मात्र सञ्चालन गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र रुट ईजाजत नलिएमा नियमानुसार कार्वाही गरिने ब्यहोरा समेत अवगत गराईन्छ ।

**तपसिल :**

- सवारी
  साधनको दर्ता किताव (ब्लुबुक)।
- बीमा - कम्तिमा तेस्रो पक्षको विमा गरेको हुनु पर्ने ।
- सवारी धनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी/सवारी चालक अनुमति पत्रको प्रतिलिपि
- अटोरिक्साको लागि रु.१०००।००(एक हजार) तथा ई-रिक्साको लागि रु.८००।००(आठ सय) मात्र राजश्व दाखिला गरेको निस्सा ।

दिनेश कुमार गौड (कहार)

( प्रमुख प्रशासकिय अधिकृत)

**Website :** http://palhinandanmun.gov.np , **Email :** palhinandanrulmun2073@gmail.com, info@palhinandanmun.gov.np

"नतिजामुखी प्रसाशन, समृद्धि र सुशासन ।"

"कर आफु पनि तिरौं, अरुलाई पनि कर तिर्न प्रोत्साहन गरौं ।"